स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कविता नेपालीले पहिलो प्रयासमै ८ हजार मिटरभन्दा अग्ला दुई हिमाल चढिन्। उनले सगरमाथा र ल्होत्से २४ घण्टाको अन्तरालमा चढेकी छन्। उनीहरुको अनुभव व्यवसायिक पर्वतारोहणको नभएको र आफ्नो सीमाको परीक्षण भएको बताए। व्यवसायिक पर्वतारोहणको अनुभव नभएकी कविता नेपालीले पहिलो प्रयासमै ८ हजार मिटरभन्दा अग्ला दुई हिमाल चढिन्, त्यो पनि २४ घण्टाको अन्तरालमा।

**आजको विचार...**



विवेक...

*(दुई पेजमा)*

डा. अतीन्द्र दाहाल

'नेपाल इन्डिजिनियस फिल्म फेस्टिभल २०२५' स्कटल्याण्डको राजधानी एडिन्बरामा सम्पन्न भएको छ। नेपाल-स्कटल्याण्ड एसोसिएसनले फेस्टिभल आयोजना गरेको हो। फेस्टिभलमा आदिवासी जनजाती फिल्म र आदिवासी कथावस्तु समेटिएका नेपाली भाषाका फिल्मलाई पुरस्कृत गरिएको छ। नेपाली भाषातर्फ नवीन सुब्बा निर्देशित 'गाउँ आएको बाटो' उत्कृष्ट बन्यो। 'सुगुप' आदिवासी विधातर्फ उत्कृष्ट फिल्म बन्यो। दयाहाङ अभिनेता, मिरुना अभिनेत्रीतर्फ उत्कृष्ट।



❒ वर्ष ३१ ❒ अंक ६ ❒ २०८२ साउन ६ गते मंगलबार 22 July 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## मनसुनी प्रकोपका कारण २१६ को मृत्यु

**(रासस/एएफपी)**

**जकार्ता,** साउन ५/मनसुनी वर्षाले गर्दा जुन २६ देखि मृत्यु हुनेको सङ्ख्या २१६ पुगेको तथा ५८० जना घाइते भएको पाकिस्तानको प्रकोप व्यवस्थापन प्राधिकरणलाई उद्धृत गर्दै जियो टिभीले जनाएको छ । पाकिस्तानमा विगत २४ घण्टामा वर्षा र बाढीसम्बन्धी घटनाका कारण कम्तिमा १३ जनाको मृत्यु भएको सोमबार जियो टिभीले जनाएको छ । निरन्तरको वर्षाका कारण बाढी र डुबान हुँदा धेरै मानवीय हताहत भएको हो । सबैभन्दा बढी मृत्यु बाढी र पहिरोका कारण घरहरू भत्किएर वा डुबानमा परेर भएको बताइएको छ भने केहीको चट्याङ र अन्य मौसमी विपत्का कारण भएको हो । पाकिस्तानको विपद् व्यवस्थापन निगरानी निकायले पछिल्लो २४ घण्टामा पञ्जाबमा १२ र खैबर पख्तुनख्वामा एक जनाको मृत्यु भएको जनाएको छ । पीडितमध्ये चार बालबालिका र तीन महिला थिए । मनसुनी बर्षा सुरु भएदेखि १०१ जना बालबालिकाको मृत्यु भएको बताइएको छ । एनडिएमएले जारी गरेको विज्ञप्तिमा वर्षा सुरु भएदेखि लगभग ८०० घरहरू ध्वस्त भएका छन्, भने लगभग २०० जनावरहरूको मृत्यु भएको छ ।


## साउने सोमबार

# शिव मन्दिरमा घुइँचो

**रामचन्द्र रायमाझी**

**तानसेन (पाल्पा),**साउन ५/साउन महिनाको पहिलो सोमबार हिन्दु धर्मावलम्बी नारीले भगवान् शिवको पूजा आराधना गरी मनाएका छन् । साउनको सोमबार शिवको पूजा गर्दा मनोकांक्षा पूरा हुने विश्वासका साथ बिहानैदेखि हिन्दु नारीले शिव मन्दिरमा गएर पूजा गरे । विशेषगरी महिलाले हरियो रङका वस्त्र, चुरा र मेहेंदी लगाएर भगवान् शिवको पूजा तथा आराधना गरी व्रत बस्ने गर्छन् । साउन महिनाको सोमबार शिवको प्रिय दिन मानिन्छ ।

पहिलो सोमबार बिहानैदेखि पाल्पाका प्रसिद्ध धाम तथा शिव मन्दिरमा पूजाआजा एवं दर्शन गर्ने श्रद्धालु भक्तजनको घुइँचो लागेको थियो । तानसेनको नारायणस्थान, तिनाउको दोभान सिद्धबाबा मन्दिर, बगनासकालीको बराङ्दीस्थित महामृत्युञ्जय शिवासन, सिद्धबाबा धाम तानसेनको ठुटेपीपल बद्रेश्वर शिवालय, बतासेडाँडा, प्रभास, नारायणस्थान, दमकडा, रामपुरलगायतका शिवालय मन्दिरमा भगवान शिवको पूजाआजा गर्ने भक्तजनको घुइँचो लागेको हो । मन्दिरमा भक्तजन बिहानदेखि पूजा एवं दर्शनका लागि लाइनमा बसेका थिए । साउन महिना र सोमबार भगवान् शिवजीको महिना र बार भएकाले पनि यस अवसरमा धेरै भक्तजनको भीड लाग्ने गरेको बताइएको छ । बिहानै स्नान गरी शिवालयमा पूजाआजा एवं दर्शन गरेमा मनोकांक्षा पूरा हुने, अटल सौभाग्य प्राप्त हुने धार्मिक विश्वास भएकाले विशेष गरी यहाँका मन्दिरहरुमा महिला भक्तजनको भीड लागेको हो । तानसेनको नारायणस्थान मन्दिर क्षेत्र विहानैदेखि पहेलो, रातो एवं हरियो पहिरनमा सजिएका भक्तजनले भरिभराउ देखिन्थे । यहाँ यस वर्षदेखि स्नान गर्न कालीगण्डकीको पानी समेत मन्दिर परिसरको पोखरीमा व्यवस्था गरिएकोले पनि भक्तजनहरुको भीड रहेको नारायण युवा क्लवका अध्यक्ष प्रविनराज शाक्यले बताए । क्लवको सहकार्यमा साउन १ गतेदेखि नै यहाँको १०८ गौमुखे धारा भक्तजनहरुका लागि खुला गरिएको छ । कालीगण्डकी नदीको पवित्र जल प्रयोग गरी भक्तजनलाई स्नानको व्यवस्था मिलाइएको अध्यक्ष शाक्यले बताए । उनका अनुसार साउन महिना भरी नै भक्तजनहरुको घुँइचो लाग्ने भएकाले तानसेन खानेपानी उपभोक्ता समितिसँग सहकार्य गरी कालीगण्डकीको पानीको व्यवस्था गरिएको हो । अध्यक्ष शाक्यले भने, "सबै भक्तजनहरुलाई स्नान गर्न कालीगण्डकी जान समय नहुन सक्छ, उहाँहरुका लागि हामीले लिटिङ प्रविधिमार्फत ल्याइएको कालीगण्डकीको पवित्र जललाई १०८ धारामा जडान गरेका छौं । अब यहाँ स्नान गर्दा भक्तजनले कालीगण्डकीमा स्नान गरे सरह पुण्य प्राप्त गर्ने विश्वास छ ।" विगतमा मन्दिरमा आएर पुजा गर्ने र स्नानका लागि कालीगण्डकी नदीमा जानुपर्ने बाध्यताको यसवर्षदेखि अन्त्य गरिएकाले नारायणस्थानमा भक्तजनको भीड लागेको क्लवका संस्थापक अध्यक्ष तथा नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले बताए ।



*-बाँकी अन्तिमपेजमा...*

## युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किन:**

- -नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- -राज्यका हरेक अङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- -स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- -कर्तव्यप्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- -समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- -नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## लुम्बिनी प्रदेश सवारी दुर्घटना : एक आवमा ५ सय ६ जनाको ज्यान गयो

**लुम्बिनी,** साउन ५ /लुम्बिनी प्रदेशमा गत आर्थिक वर्षमा सवारी दुर्घटनामा परी ५ सय ६ जनाको ज्यान गएको छ । जुन अघिल्लो आवको तुलनामा बढी हो ।

आव २०८०/८१ मा प्रदेशमा सवारी दुर्घटनामा ४ सय ९६ जनाको मृत्यु भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलले जनाएको छ । गत आर्थिक वर्ष २०८१/८२ भएका तीन हजार ४ सय ७९ सवारी दुर्घटनामा पाँच हजार ६ सय ९१ जना घाइते भएका छन् । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका अनुसार ट्राफिक प्रहरीले सवारी साधनको जाँच र कारवाहीलाई तीव्र बनाइ रहँदा सवारी दुर्घटनाका घटनामा भने वृद्धि भएको जनाएको छ । अघिल्लो आव २०८०/८१ मा भने




एक हजार १ सय २० सवारी दुर्घटनामा एक हजार ६ सय ९३ जना घाइते भएका थिए । अघिल्ला वर्षहरूमा मध्यम र गम्भीर दुर्घटनाका घटनालाई मात्र तथ्याङ्कमा समावेश गर्ने गरिएकोमा गत आर्थिक वर्षमा सामान्य दुर्घटनाको तथ्याङ्कसमेत समावेश गरिएकोले संख्या बढी देखिएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रमुख प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले जानकारी दिए । लुम्बिनी प्रदेशमा एक वर्षमा सवारी नियम उल्लैन गर्ने विभिन्न सवारी चालकबाट १७ करोड ८३ लाख ८३ हजार ४ सय ११ जरिवाना सङ्कलन भएको छ । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलमार्फत आव २०८१/८२ मा प्रदेशका १२ वटै जिल्लामा गरिएको जाँचको क्रममा सवारी नियम उल्लैन गर्ने एक लाख ७० हजार ८० वटा सवारीसाधनबाट उक्त जरिवाना सङ्कलन भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । सवारी नियम उल्लघनवापत सङ्कलित जरिवाना रकम अघिल्लो आर्थिक वर्ष २०८०/८१ को भन्दा ४१ लाख ४५ हजार ९ सय १६ बढी हो । अघिल्लो आर्थिक वर्षमा सवारी नियम उल्लैन गर्नेबाट १७ करोड ४२ लाख ३७ हजार ५ सय ३ जरिवाना सङ्कलन भएको थियो । अघिल्लो आर्थिक वर्ष २०८०/८१ को तुलनामा आव २०८१/८२ मा जरिवाना रकम बढी सङ्कलन भए पनि सवारी नियम उल्लैन गरी कारबाहीमा पर्ने सवारी साधनको संख्यामा अघिल्लो आर्थिक वर्षमा भन्दा कमी देखिएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## राजनीतिलाई अस्थिर बनाउने खेल नखेलौं

दलहरू जनतासँगको सम्बन्ध सुधार्नुको सट्टा सरकार फेरबदलमा व्यस्त र सत्तामा लिप्त छन् । नेपाली जनताको चाहना र देशको आवश्यकता यो होइन तर राजनीतिक दलहरुले जवरजस्त राजनीतिक अस्थिरताको बाटो हिडाएका छन् । देश र जनतानले अहिले राजनीतिक स्थिरता खोजेका छन् । तर त्यसो हुन सकिरहेको छैन । राजनीति स्थिरताले नै आर्थिक उन्नयन, दिगो विकास र अमनचैनको ढोका खोल्छ । तर, त्यो चाहना अधुरै रहँदै आएको छ ।

अहिले फेरी वर्तमान गठबन्धन भत्काएर सरकार ढलाउने हल्ला राजनीति वृत्तमा सुन्न थालिएको छ । यो अत्यन्त विडम्वनाको कुरा हो । बारम्बार सरकार ढाल्ने, सत्तासीन गठबन्धन भत्काउने र विकल्पको हल्ला फैलाउने प्रवृत्तिले मुलुकमा न त स्थिरता दिन सक्छ, न विकास र सुशासन सुनिश्चित हुन्छ । त्यसैले अहिलेको मूल आवश्यकता स्थिर, जवाफदेही र परिणाममुखी सरकार हो, न कि पुनः अस्थिरताको दलदल । त्यसैले सरकार ढालेर मुलुकलाई अस्थिरतातर्फ धेकेल्ने सबै खाले खेलहरु पूर्णरुपमा बन्द हुनुपर्छ । नेकपा एमाले र नेपाली काग्रेसबीचको सहकार्यबाट बनेको वर्तमान सरकारले एक वर्ष पूरा गरिसकेको छ । यो अवधिमा केही विकास आयोजनामा गति देखिए तापनि सुशासनको अपेक्षित मापदण्डमा भने सरकारले खासै उपलब्धि हासिल गर्न सकेको छैन । यस्तो अवस्थामा सरकार स्वयं सजग, संवेदनशील र प्रभावकारी हुन जरुरी छ । जनताको विश्वास जित्ने गरी काम गर्न सकेन भने सरकारको नैतिक धरातल कमजोर हुँदै जान्छ, जुन स्थितिको फाइदा अस्थिरता चाहने शक्तिहरूले उठाउँछन् । सबैभन्दा ठूलो कुरा सरकार स्थिर हुन सकोस् र मुलुकमा विकास र सुशासन कायम गर्न सकोस् भन्ने नै हो तर त्यसो हुन नसक्नु दुखद् हो । प्रधानमन्त्री केपी शर्मा ओली यो विषयमा गम्भीर बन्न आवश्यक छ । अन्यथा देश अहिलेको अवस्थामा अगाडि बढ्ने हो भने फेरी पनि अस्थिर राजनीतिले निरन्तरता पाउने छ । राजनीतिक र सरकारी अस्थिरता भनेको केवल सत्ताको फेरबदल मात्र होइन, समग्र राष्ट्रको स्थायित्व, समृद्धि र जनअपेक्षा विपरीत जाने अवस्था पनि हो । नेपालजस्तो विकासोन्मुख मुलुकका लागि घातक हो । तसर्थ आफ्नो स्वार्थपूर्तिका लागि बारम्बार सरकार ढालेर राजनीतिलाई अस्थिर बनाउने गलत खेलमा कोही पनि लाग्नुहुँदैन ।

### Opinion @ Social Network

तुलसीको बोट जस्तै बनाउनु छ जिन्दगी
जसलाई रोज्न हैन,खोज्न परोस् ।
*(मञ्जिल मगरको फेसबुक स्टाटसबाट www.facebook.com//manjil.ido)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विवेक कसले बिर्सियो : विद्यार्थीले कि प्राध्यापकले ?



डा. अतीन्द्र दाहाल

*विद्यार्थीसँग औपचारिक, मर्यादित र जीवन्त सम्बन्धको अपेक्षा गर्ने हो । आत्मीयताको अपेक्षा औचित्यपूर्ण होइन । सफल र निपुण शिक्षकको मानक निर्माण गर्ने हो तर उनले भोगेको एउटा दुःखद घटनामा सहानुभूति नजनाएकै भरमा विद्यार्थीमा विवेक हराएको भनेर रोष व्यक्त गर्नुचाहिँ स्वयमै विवेकको अभाव हो कि ? यी प्राध्यापकले आफ्ना विद्यार्थीबाट गरेको यस्तै अपेक्षा चिकित्सकले बिरामीबाट, पाइलटले यात्रुबाट, किसानले उपभोक्ताबाट लगायत सबै पेसाकाले आफ्ना सेवाग्राहीबाट खोज्ने आशक्ति राख्ने हो भने समाज कुन जडमा भासिन्छ होला ? हो, पछिल्लो समय शिक्षण सिकाइ यान्त्रिक हुँदै जाँदा विद्यार्थी केवल प्रमाणपत्रधारी मात्र बनेका छन्ह आचरण, शिष्टाचार, चरित्र तथा सामाजिक अन्तर्घुलनमा अपेक्षित अब्बल बन्न सकेका छैनन् भनेर चिन्ता व्यक्त भइरहेका छन् । यो समस्या चिर्न शिक्षाको व्यवस्थापन र प्रणालीकै पुनर्संरचनाका बहस पनि विश्वव्यापी रूपमा चलिरहेका छन् ।*

केही दिनदेखि फेसबुकमा एउटा पोस्ट निकै छिटो र विशेषत: प्राज्ञिक व्यक्तिबाट अधिक रुचिका साथ सेयर भएको देखिन्छ । विश्वप्रसिद्ध भनिएको हारभर्ड विश्वविद्यालयका एक प्राध्यापक कनेल वेस्टले राजीनामा दिएको बेहोरा सञ्जालमा भाइरल नै बनिरहेको छ । उनको विचार संक्षेपीकरण गरिएको पोस्टलाई आफ्नो फेसबुक वालमा धेरैले सेयर गरिरहेछन् । उनीले प्राध्यापनबाट बिदा लिनुमा विद्यार्थीमा मानवता हराएकोह संस्कार, सभ्यता र संस्कृति विनाश भएकोह विद्यार्थी तथा आजका दीक्षितहरू केवल बजार नियन्त्रित भएको भन्ने आशय छ । यद्यपि उनले विद्यार्थीमा खोजेको मानवता, सभ्यता र संस्कृतिको मानक के के हुन् भन्ने उक्त पोस्टमा खुलेको छैन । अनि शिष्य र आजका दीक्षितहरू केवल बजार नियन्त्रित भएको भनाइमा पनि स्पष्ट उदाहरण छैनन् । केवल एउटा प्रसंगलाई जोडतोड साथ पेस गरिएको छ कि उनकी आमाको देहावसान हुँदा हारभर्ड न्युजलेटरमा जम्मा दुईजनाले मात्र सहानुभूति सन्देश दिएका थिए रे । यद्यपि विभिन्न समाचार पोर्टलहरूमा उनको राजीनामाका कारणलाई थोरै व्याख्या गरिएको छ । उनकै शब्दमा चाहिँ बौद्धिक दिवालियापन र छरपस्ट दिशाहीनता (इन्चलेक्चुएल ब्याङ्करप्सी र स्क्याकरेड डिसओरियन्टेसन) जस्ता शब्दको प्रयोग भएका छन् । यो घटना भने आजभन्दा चार वर्षअघिको हो । उनले राजीनामा दिएको २०२१ जुन ३० मा हो । जागिर छाड्नुको कारणसहित उनले यो आशयको राजीनामाको प्रथमप्रति आृनो ट्विटरबाट सार्वजनिक गरेका थिए । उनले पहिलोपटक सन् २००२ मा सोही विश्वविद्यालयबाट जागिर छाडेको र समय क्रममा पुन: संलग्न भएपछि पछिल्लो राजीनामा दोस्रो थियो ।

सेवा अवधि गणनामा विश्वविद्यालयसँग मनमुटाव भएका कारण उनले राजीनामा गरेको भए पनि उनको ट्विटर टिप्पणीले धेरैलाई आकर्षित र प्रभावित बनाएको थियो । घटनाको चार वर्षपछि अहिले धेरैले विद्यार्थीमा विवेक हराएको भन्ने उनको तर्कलाई समर्थन गर्दै पोस्ट सेयर गरिरहेका छन् । यो पंक्तिकारलाई भने आफ्ना गुरु ऋषिकेश उपाध्यायको कविता 'काठमान्डु ट्वेलाइट' सम्झना आइरहेको छ । उक्त कवितामा धेरै मानिस तत्कालीन राज परिवारको देहावसानमा शोकाकुल भए पनि कवि भने ती शोकाकुलमा उन्नत सोचको देहावसान भएको देखेर शोकाकुल भएको चित्रण छ । पंक्तिकारको मथिंगलले चाहिँ यो भन्दै छ कि विवेक कसमा हरायो ? विद्यार्थीमा कि ती प्राध्यापकमा ? उनलाई सेयर गर्ने सेयरकर्तामा ? जिम्मेवारी, समर्पण र दायित्व हो पेसा । त्यहाँ पारिवारिकता खोज्नु हुँदैन । सेवाग्राही र पेसाकर्मीले आधारभूत मान्यताभित्र रहेर सेवाप्रवाह गर्ने हो । यो एक औपचारिक प्रक्रिया हो । पेसामा पारिवारिक सामीप्यता खोज्ने मानिस अन्तत: कहींकतै प्रताडीत र दु:खी हुनैपर्छ । परिवारका हिसाबले सामीप्यता नदेखाउनु विद्यार्थीको कमजोरी होइनह अपेक्षा गर्नेको अनावश्यक महत्त्वाकांक्षा हो । तिनै प्रोफेसरका जीवनकालमा उनलाई पढाएका शिक्षक कहाँ-कहाँ छन्, तिनीहरूप्रति त्यस्तै दु:खमा उनले अहिले अपेक्षा गरेको जस्तै सहानुभूति कति देखाएका थिए ? उनका हरेक शिक्षकले उनीबाट यस्तै प्रकारको सद्भाव अपेक्षा गरेका थिए अथवा उनले त्यो कृतज्ञता देखाएका थिए त ? यसरी शिक्षकहरूप्रति शिष्यले आदरभाव प्रकट गर्नुपर्छ भनेर उनी स्वयंले सिकाएका थिए त ? बजारकेन्द्रित बन्नु र व्यावसायिक हिसाबमा सफल हुनु उच्च शिक्षाको अनेकमध्ये एक मापन प्रणाली होइन र ? उनका शिष्यहरू पेसामा सफल छन्ह बजारमा प्रभावी हैसियत बनाएर बसेका छन्ह रोजगारीमा अब्बल छन्ह उनीहरूको व्यक्तिगत जीवनमा सफल छन्ह सामाजिक ख्याति कमाएका छन्ह समाज, देशको लागि योगदान गरिरहेका छन् र हरेक कर्ममा तथा समाजप्रति इमानदार छन् भने त्यसैमा हो एउटा प्राध्यापकले गहिरो सन्तोष र असीम आनन्द महसुस गर्ने । उनीहरूबाट कुनै निगाहा अथवा अनुग्राह्यता अपेक्षा गर्नु कदापि मर्यादित होइन । स्वेच्छाले आदरभाव र सम्मान प्रकट गर्ने अभिरुचि देखाए भने त्यो अहोभाग्य हो, तर अधिकारको रूपमा दाबी गर्न सुहाउँदैन । भेटघाट हुँदा सामान्य शिष्टाचार कायम र आदर अनुपालन गरे भने त्यो विद्यार्थी असल भएको महसुस गर्नुपर्छ । उनले इंगित गरेको सहानुभूति परिवार, नातागोता र सहकर्मीबाट अपेक्षा गर्ने विषय हो विद्यार्थीबाट होइन । उनलाई सहानुभूति प्रकट नगर्दैमा सबैप्रति ती विद्यार्थी उनले सोचे जति नै अनुदार छन् भन्ने निष्कर्ष निकाल्न मिल्छ र ? उनका शिष्यहरू सम्बन्धित अथवा तत्तत् समूह तथा समुदायमा उच्च मानवीयतासहित व्यावसायिक सफलता पनि हासिल गरिरहेका छन् कि ? उनीहरूका पनि आफ्ना जिम्मेवारी, दायित्व, पेसागत चुनौती अनि थुप्रै अरु असहजता र सीमा होलान् नि ? आमा ममताकी खानी हुन् । मृत्यु कसैको र कहिल्यै पनि खुसी हुने अवसर होइन । अझ आमाको मृत्यु सामान्य मृत्यु मात्र नभएर ममताको खानी भासिएजस्तो अनि माया र स्नेहको पहाड ढलेजस्तै हो । कनेल भावविह्वल भए होलान् तर उनको त्यो पीडा र दु:ख उनले सहानुभूति अपेक्षा गरेका सबै सामु पुगेकै थियो भन्ने के निश्चित छ र ? उनका शिष्य यो अवस्थासँग ज्ञात नै थिएनन् कि ? एउटा प्राध्यापकको धर्म कक्षा कोठामा राम्रो ज्ञान दिने हो, विद्यार्थीबाट गुनासो नहुने गरी शिक्षण सिकाइ सम्पन्न गर्ने हो । विद्यार्थीलाई उनीहरूको पेसागत जीवनमा सफल हुन आवश्यक प्रशिक्षण र परीक्षण गर्ने हो । अतिरिक्त परामर्श लिन चाहेमा उदारताका साथ सहयोग गर्ने हो । सामाजिक हिसाबले जिम्मेवार बनाउन प्रयास गर्ने हो । विद्यार्थीसँग औपचारिक, मर्यादित र जीवन्त सम्बन्धको अपेक्षा गर्ने हो । आत्मीयताको अपेक्षा औचित्यपूर्ण होइन । सफल र निपुण शिक्षकको मानक निर्माण गर्ने हो तर उनले भोगेको एउटा दु:खद घटनामा सहानुभूति नजनाएकै भरमा विद्यार्थीमा विवेक हराएको भनेर रोष व्यक्त गर्नुचाहिँ स्वयंमै विवेकको अभाव हो कि ? यी प्राध्यापकले आफ्ना विद्यार्थीबाट गरेको यस्तै अपेक्षा चिकित्सकले बिरामीबाट, पाइलटले यात्रुबाट, किसानले उपभोक्ताबाट लगायत सबै पेसाकाले आफ्ना सेवाग्राहीबाट खोज्ने आशक्ति राख्ने हो भने समाज कुन जडमा भासिन्छ होला ? हो, पछिल्लो समय शिक्षण सिकाइ यान्त्रिक हुँदै जाँदा विद्यार्थी केवल प्रमाणपत्रधारी मात्र बनेका छन्ह आचरण, शिष्टाचार, चरित्र तथा सामाजिक अन्तर्घुलनमा अपेक्षित अब्बल बन्न सकेका छैनन् भनेर चिन्ता व्यक्त भइरहेका छन् । यो समस्या चिर्न शिक्षाको व्यवस्थापन र प्रणालीकै पुनर्संरचनाका बहस पनि विश्वव्यापी रूपमा चलिरहेका छन् । लेखक जोन मेरोको पुस्तक 'एडिक्टेड टु रिफर्म' र फिपिल सी सलेक्टीको पुस्तक 'इन्भेन्टिङ बेटर स्कुल'ले शिक्षाको सुधारका लागि एक दर्जन उपाय सुझाएका छन् । प्राचीन दार्शनिक कन्फुसियसले शिक्षाले मानिसको आचरण र व्यवहारमा परिवर्तन ल्याउनुपर्ने अनि जिम्मेवार तथा उत्तरदायी व्यक्ति बनाउनुपर्ने कुरामा जोड दिएका थिए । त्यो जिम्मेवार र उत्तरदायी व्यक्तित्व उसका सामाजिक कर्म, व्यवहार तथा पेसागत निपुणता साथै राष्ट्रप्रेमलाई केन्द्रमा राखेर गरिरहेका कार्यमार्फत प्राप्त अथवा सिर्जित योगदानले मापन गर्ने होला । केवल उनको दु:खको घडीमा सहानुभूति नदिएका आधारमा संवेदनाहीन र मानवीयता विमुखको बिल्ला भिराउन कति जायज हुन्छ ? अन्य कुनै असामाजिक, अधिक स्वार्थकेन्द्रित, अनैतिक, सामूहिक लाभ र सार्वजनिक सरोकारको चरम बर्खिलाप हुने काम गरेको अथवा उनी वा संस्थाविरुद्ध गलत मनसायले काम गरेका भए त्यस्तो आरोप लगाउन पनि सुहाउँथ्यो होला । त्यसो भए त्यस्तो जनशक्ति निर्माण गर्ने कुरामा उनको पनि भूमिका छैन र ? केवल अरूप्रति रोष प्रकट गरेर मात्र हुन्छ ? निर्मित कुनै पक्ष भन्दा निर्माण गर्ने पक्ष यसको जस र अपजसको भागी बन्नुपर्छ । यस्ता विद्यार्थी निर्माण उनी स्वयंले गरेको हैन र ? तसर्थ उनको अपेक्षा कति जायज हो भन्ने विषय अझै थप छलफलको विषय बन्न सक्छ तर उनले दिएको राजीनामाको हंगामा एक मनमौजी मजाकभन्दा केही पनि होइन । उनको पोस्ट पढिरहँदा विद्यार्थीमा होइन, अपेक्षा गर्ने तथा सेयर गर्नेमा चाहिँ विवेक हराएको भान हुन्छ ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सुमधुर सम्बन्ध बनाउने प्रयास गर्नुहोस्। कार्यक्षेत्रमा बाधा आउनेछ। | **तुला** : स्वास्थ्यलाईलिएर सावधान रहनुहोला। अरुको विश्वासमा कार्य नछोड्नुहोला। |
| **वृष** : सुख र आनन्दको प्राप्ति हुनेछ। शुभचिन्तकहरूबाट नयाँ उपहार मिल्नेछ। | **बृश्चिक** : कार्यक्षेत्रमा जीवनसाथीबाट सहयोग मिल्ला। स्वास्थ्यले साथ दिनेछ। |
| **मिथुन** : अनावश्यक खर्चका योग छन्। कार्यमा आफ्नो समय र ऊर्जा व्यय हुनेछ। | **धनु** : शत्रुमाथि विजय पाइनेछ। कार्यक्षेत्रमा मेहनतको राम्रो परिणाम मिल्नेछ। |
| **कर्कट** : आय आर्जनका नयाँ स्रोत फेला पर्नेछन्। समयको सदुपयोग गर्नुहोस्। | **मकर** : पारिवारिक कारणले मनमा चिन्ता रहनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **सिंह** : अधिकारीहरूबाट सहयोग मिल्नेछ। व्यवसायमा पारदर्शिता राख्नुहोस्। | **कुम्भ** : पुराना कुरालाई लिएर घर परिवार मा मनमुटाव रहनेछ। मन अशान्त रहनेछ। |
| **कन्या** : हतार हतारमा कुनै निर्णय नलिनुहोला। धर्मकर्ममा मन जानेछ। | **मिन** : आफन्त र मित्रहरूबाट सहयोग मिल्नेछ। पराक्रममा वृद्धि हुनेछ। समय उत्तम रहेको छ। |

विज्ञान/सूचना प्रविधि

# टेलिग्राम बन्द गर्ने सरकारको तयारी




सामाजिक सञ्जाल टेलिग्राममार्फत ठगी, सम्पत्ति शुद्धीकरण सम्बन्धी गतिविधि भएको भन्दै यसलाई बन्द गर्ने तयारी गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्मा रहेको सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी कसूर निवारण सम्बन्धी राष्ट्रिय समन्वय समितिले टेलिग्रामलाई बन्द गराउन प्रक्रिया अघि बढाएको हो । स्रोतका अनुसार, समितिले बिहीबार सूचना तथा सञ्चार मन्त्रालयलाई पत्र लेख्दै टेलिग्रामलाई कारबाहीको दायरामा ल्याउन भनेको छ । 'पत्र आएको छ, तर अहिल्यै बन्द गर्नेभन्दा पनि त्यसमार्फत सम्पत्ति शुद्धीकरणसम्बन्धी गतिविधि भए नभएकोबारे बुझ्न भनिएको छ', उनले भने, 'त्यसबारे हामीले सम्पत्ति शुद्धिकरण विभाग, नेपाल प्रहरी लगायतका निकायलाई नै सोध्छौं, त्यसपछि मात्र के गर्ने भन्ने निर्णय हुन्छ ।' सम्भवत: यसबारे आइतबार केही निर्णय हुने ठाकुर बताउँछन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा रहने निर्देशक समितिमा अर्थमन्त्रालय, कानुन मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालयका सचिव, महान्यायाधिवक्ताको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव सदस्य रहने व्यवस्था छ । त्यस्तै, राष्ट्र बैंकका डेपुटी गर्भनर, नेपाल प्रहरीका महानिरीक्षक र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रमुख सदस्य रहने व्यवस्था छ । स्रोतका अनुसार, समितिको हालै बसेको बैठकमा नेपाल प्रहरीका प्रमुख आईजीपी दिपक थापाले टेलिग्राममार्फत ठगीसहितका अपराधिक गतिविधि बढेको र त्यो सम्पत्ति शुद्धीकरणसँग समेत जोडिएको ब्रिफिङ गरेका थिए । 'अहिले अनलाइनमार्फत हुने अधिकांश अपराध टेलिग्रामसँग जोडिएका छन्', उनले भनेका छन्, 'त्यसमाथि नेपालमा हुने अधिकांश ठगीमा यो जोडिएको छ ।' २०८१ को भदौमा टेलिग्रामका संस्थापक तथा सीईओ पावेल ड्युरोभ आफैं फ्रान्समा पक्राउ परेका थिए । त्यसबेला उनीमाथि टेलिग्राममार्फत अवैध लेनदेन, लागूऔषध तस्करी, ठगी र बालबालिकामाथि यौन दुर्व्यवहारसँग सम्बन्धित तस्वीरहरू प्रसारमा संलग्नताको आरोप लगाइएको थियो । फ्रान्सले उनलाई त्यसबेला जमानतमा छाडे पनि पावेलको गिरफ्तारीले संसारभरि नै यो एपको नियमनबारे बहस सिर्जना गराइदिएको थियो । यो विषय समेत राष्ट्रिय समन्वय समितिको छलफलमा उठेको बैठकमा सहभागी एक अधिकारीले बताए । टेलिग्रामका संस्थापक पक्राउ परेका बेला कतिपयले यसलाई सामाजिक सञ्जालको नाममा भएको 'डार्क वेब' समेत भनेका थिए । 'डार्कवेब' इन्टरनेटको संसारमा यस्तो प्लेटफर्म हो, जहाँ निश्चित सफ्टवेयरको प्रयोगबाट मात्र पहुँच गर्न सकिन्छ । त्यसमार्फत गैरकानुनी सामान र सेवाहरू बिक्री गरिन्छ, र प्रयोगकर्ताको कुनै पनि किमिसको रेकर्ड रहँदैन । डिजिटल दुनियाँमा यसलाई अपराधीहरूको स्वर्ग पनि भनिन्छ । यसमा भएका केही विशेषताहरूका कारण टेलिग्रामसमेत 'हरेक व्यक्तिको गोजीमा भएको डार्कवेब' जस्तो बनेको विश्लेषण गरिएको थियो । नेपालमा पनि २०८१ पुसमा एफवान सफ्टको प्रणाली ह्याक गरेर सिटिन्स बैंकको खाताबाट साढे ३ करोड रुपैयाँ चोरी भएको घटनामा टेलिग्राम जोडिएको थियो । त्यसबेला ह्याकरले टेलिग्राममार्फत बेरोजगार युवालाई प्रलोभन देखाएर रकम चोरी गरेको खुलेको थियो । लागूऔषध कारोबारमा समेत यसको प्रयोग हुने गरेको आशंका छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो ( सीआईबी) का एक उच्च अधिकृतका अनुसार, टेलिग्राम नियमनको दायराभित्र पनि नआउने र त्यसबाट निरन्तर अपराध भइरहेका कारण यसलाई बन्द गर्न त्यसबेलै समेत गृहमन्त्रालयमा भनिएको थियो । 'उच्चस्तरीय बैठकहरूमा पनि यो विषय उठेका थिए, तर पछि त्यत्तिकै रह्यो', ती अधिकृत भन्छन्, 'अहिले यो विषयलाई गम्भीरतापूर्वक लिइएको हो भने त्यो राम्रो कुरा हो ।'

*-अनलाइन खबर डटकम*

# एप्पल मोबाइलमा 'आपत्तिजनक' भिडियो कल गर्न नपाइने



एप्पलको आगामी आईओएस २६ अपडेटले धेरै परिवर्तनहरू ल्याउने भएको छ । यसमा गोपनीयताका लागि फेसटाइममा एउटा महत्त्वपूर्ण र विशेष सुविधा पनि समावेश छ । नयाँ रिपोर्ट अनुसार, आईओएस २६ को बिटा संस्करणमा, यदि फेसटाइम कलको क्रममा क्यामेरामा नग्नता पत्ता लाग्यो भने, भिडियो र अडियो स्वत: बन्द हुनेछन् । जब यस्तो अवस्था आउँछ, स्क्रिनमा एउटा चेतावनी सन्देश देखिनेछ, 'अडियो र भिडियो पज गरिएको छ किनभने तपाईंले केहि संवेदनशील विषयवस्तु देखाइरहनुभएको हुन सक्छ । यदि तपाईंलाई असहज महसुस भयो भने, तपाईं कल समाप्त गर्न सक्नुहुन्छ ।' त्यसपछि प्रयोगकर्तालाई दुई विकल्प दिइनेछ: कल पुन: सुरु गर्नुहोस् वा यसलाई समाप्त गर्नुहोस् । यो नयाँ सुविधा एप्पलको सञ्चार सुरक्षा पहलको एक हिस्सा हो, जसलाई आईओएस २६ मा अझ बलियो बनाइएको छ । यसअघि यो सुविधा बालबालिका वा परिवार साझेदारी खाताहरूका लागि मात्र हुने अनुमान गरिएको थियो, तर हालको बिटा संस्करणमा यो सबै प्रयोगकर्ताहरूमा लागू भइरहेको छ । एप्पलले यसअघि नै आईओएस २६ मा परिवार र बालबालिकाको डिजिटल सुरक्षालाई प्राथमिकता दिने स्पष्ट पारेको थियो । फोटो एपको साझा एल्बमहरूमा पनि यस्तै सुविधा घोषणा गरिएको थियो, जहाँ कुनै अनुपयुक्त तस्वीर भएमा त्यो स्वत: ब्लर हुनेछ । आईओएस २६ को अन्तिम संस्करण रिलिज हुँदा यो सुविधा सबै प्रयोगकर्ताहरूमा सक्रिय हुनेछ वा छैन भन्ने कुरा अहिले स्पष्ट छैन । यद्यपि, एप्पल डिजिटल कल्याण र गोपनीयताका बारेमा अझ सतर्क भएको देखिन्छ । यो सम्पूर्ण प्रक्रिया एआई-आधारित पहिचान प्रणालीमा निर्भर हुनेछ । यदि तपाईं आईओएस २६ को बिटा प्रयोगकर्ता हुनुहुन्छ भने, फेसटाइम कलको क्रममा केही 'संवेदनशील' देखिएमा तपाईंको कल केही क्षणका लागि रोकिन सक्छ ।*-रातोपाटी डटकम*

# ४० प्रतिशत नेपाली चलाउँछन् अर्कैको नामको सिम



४० प्रतिशत बढी नेपालीले अर्कैको नामको सिम कार्ड प्रयोग गर्ने गरेको एउटा सर्वेक्षणले देखाएको छ । विश्व बैंकले सार्वजनिक गरेको डिजिटल अर्थतन्त्रमा आबद्धता र वित्तीय समावेशीकरण सम्बन्धी प्रतिवेदनले यस्तो उल्लेख गरेको हो । विश्व बैंकले सन् २०२४ को जुलाई २६ देखि २८ सेप्टेम्बरसम्ममा नेपालका एक हजार व्यक्तिमा गरेको सर्वेक्षणले यस्तो देखाएको हो । अर्थात् एक हजारमध्ये चार सय जनाले अर्कैको नामको सिम कार्ड प्रयोग गर्ने गरेको पाइएको हो । विश्व बैंकले एक सय ४१ मुलुकमा यस्तो सर्वेक्षण गरेको थियो ।

भारतबाहेक अन्य मुलुकमा एक हजार जनाको संख्यामा सर्वेक्षण गरेको थियो । भारतमा भने तीन हजार नमूना लिइएको बताइएको छ । सर्वेक्षणमा भनिएको छ, 'अफ्रिकी मुलुकहरू जस्तै कोमोरोस, कंगो गणराज्य, मोरक्को र तान्जानिया साथै जोर्डन र नेपालमा पनि मोबाइल फोन भएका व्यक्तिहरूमध्ये ४० प्रतिशतभन्दा बढीसँग उनीहरूको आफ्नै नाममा सिमकार्ड दर्ता छैन ।' कम र मध्यम आय भएका अर्थतन्त्रहरूमा मोबाइल फोन भएका व्यक्तिहरूमध्ये २३ प्रतिशतसँग उनीहरूको आफ्नै नाममा सिमकार्ड नहुने गरेको पाइएको हो । यस्तो सिमकार्ड अरू कसैको नाममा दर्ता भएको देखिन्छ । दोस्रो व्यक्तिबाट किनेको वा आफन्त तथा साथीहरूबाट पाएको फोनमा सिम परिवर्तन नगरेको कारणले पनि यस्तो भएको हुनसक्छ । त्यसबाहेक परिवार वा समुदायका सदस्यहरू सहर गएर धेरै सिमकार्ड किनेर अरूलाई बाँड्ने गरेको कारण पनि यस्तो हुन सक्ने प्रतिवेदनमा उल्लेख छ । अफ्रिकाका केही देशहरूमा वयस्कहरूले परिचयपत्र नभएकाले सिमकार्ड किन्न नसकेको समेत उल्लेख गरेका छन् । दक्षिण एसियामा पुरूषको तुलनामा महिलाहरूसँग रहेको फोनमा अर्काको नाममा सिमकार्ड हुने प्रवृत्ति कमै देखिन्छ । यसो हुनुमा महिलाहरूसँग फोन कम हुनु पनि मान्न सकिन्छ । दक्षिण एसियामा ३२ करोड महिलाहरूसँग मोबाइल फोन नरहेको देखिन्छ । त्यस्तै, नेपालमा एक हजारमा २८० जना नेपालीले मात्रै डिजिटल कारोबार गर्ने गरेको पाइएको छ । एक हजारमा ६० प्रतिशतसँग बैंक खाता रहेको, २८ प्रतिशतले डिजिटल कारोबार गरेको, २१ प्रतिशतले डिजिटल माध्यमबाट बचत गर्ने गरेको र १६ जनाले औपचारिक प्रणालीबाट सरसापट गर्ने गरेको अध्ययनले देखाएको छ । हजार जनामा सात सय ८० सँग मोबाइल फोन रहेको र पछिल्लो तीन महिनामा ५० प्रतिशतले इन्टरनेटको प्रयोग गरिरहेको पाइएको हो । विश्वभर बैंक खाता हुने जनसंख्या बढ्दै गएको र यसले लैंगिक आधारमा खाताको स्वामित्वमा देखिएको खाँडल कम गर्दै लगेको छ । हजारमध्ये बैंक खाता हुने ६ सय नेपालीमा ४७ प्रतिशत अर्थात् दुई सय ८२ जनाले भने कारोबारको लागि डिजिटल प्रणाली प्रयोग गर्ने गरेका छन् । नेपालमा ५८ प्रतिशत पुरूषहरूले डिजिटल कारोबार गर्दा ३६ प्रतिशत महिलाले यस्तो कारोबार गर्ने गरेको पाइन्छ । त्यस्तै, भारत, नेपाल, र श्रीलंकामा २०१७ देखि २०२४ सम्म डिजिटल भुक्तानी गर्ने वयस्कहरूको संख्या २० प्रतिशत बिन्दुले बढेको छ । त्यस्तै, समग्र दक्षिण एसियामा सरकारबाट पाइने सुविधा डिजिटल भुक्तानीबाट लिनेहरूको संख्या बढिरहेको छ । विश्व भरका धेरैजसो वयस्कमा आफूले गर्नुपर्ने भुक्तानीमध्ये धेरैको चिन्ता मासिक खर्च र स्वास्थ्य उपचार खर्चलाई लिएर हुने गरेको देखिन्छ । मासिक खर्च, स्वास्थ्य खर्च र विद्यालय शुल्क नेपाली लगायत सबै क्षेत्रका सबै वर्गका मानिसहरूको चिन्ताको विषय हुने गरेको पाइएको छ । विश्वमा अझै पनि करोडौं मानिसहरूसँग मोबाइल वा बैंक खाता नहुनु र अझै पनि धेरैलाई आकस्मिक रूपमा आइपर्ने स्वास्थ्य खर्च वा भविष्यका आर्थिक योजना बनाउन सघंर्ष गर्नुपर्ने अवस्था हुनुलाई चुनौतीको रूपमा विश्व बैंकको रिपोर्टले औंल्याएको छ । 'मोबाइल फोन र बैंक खाता नहुने विश्वभरका ३० प्रतिशत वस्यकलाई वित्तीय समावेशीतामा जोड्न नयाँ रणनीति चाहिने देखिन्छ,' प्रतिवेदनमा उल्लेख छ । *-सेतोपाटी डटकम*

# चार वर्षपछि फेरि हुवावे शीर्ष स्थानमा



चिनियाँ प्रविधि कम्पनी हुवावे चार वर्षपछि फेरि चीनको मोबाइल बजारमा पहिलो स्थानमा पुगेको छ। कम्पनीले अमेरिकी कम्पनी एप्पल र आफ्ना चिनियाँ प्रतिस्पर्धीहरूलाई पछि पार्दै, यो वर्षको दोस्रो त्रैमासिकमा १ करोड २५ लाख मोबाइल बिक्री गरी १८.१ प्रतिशत बजार हिस्सा ओगटेको छ । हुवावेका लागि यो एक ठूलो सफलता मानिएको छ, विशेषगरी विगतमा अमेरिकी प्रतिबन्ध र भ्रष्टाचार छानबिन जस्ता चुनौतीहरूको सामना गरेपछि। सन् २०१९ यता, अमेरिकी प्रविधिको पहुँच गुमेपछि हुवावेले आफ्नै प्रविधि र उपकरण विकास गर्नमा जोड दिएको थियो । यसैबीच, चीनको समग्र मोबाइल बजार भने घटेको देखिएको छ ।

यो वर्षको दोस्रो त्रैमासिकमा मोबाइल बिक्री ४ प्रतिशतले घटेर ६ करोड ९० लाखमा झरेको छ । एक अनुसन्धानकर्ता आर्थर गुओका अनुसार, 'चीन-अमेरिका व्यापार सहमति भए पनि आर्थिक अवस्था कमजोर छ । मानिसहरूको खर्च गर्ने विश्वास अझै कम छ, त्यसैले मोबाइलको माग चाँडै बढ्ने सम्भावना छैन ।' अर्कोतर्फ, एप्पलको बिक्री घटेको देखिएको छ । पछिल्लो रिपोर्टअनुसार, एप्पल चीनको मोबाइल बजारमा १३.९ प्रतिशत हिस्सा मात्र राख्दै ९६ लाख मोबाइल बिक्रीमा सीमित रह्यो । एप्पल अहिले चीनको मोबाइल बजारमा पाँचौं स्थानमा झरेको छ । हुवावे र अमेरिकाबीच लामो समयदेखि विवाद चलिरहेको छ । अमेरिकाले हुवावेलाई जासुसीको आरोप लगाउँदै प्रतिबन्ध लगाएको थियो, जसलाई कम्पनीले अस्वीकार गर्दै आएको छ । *-हाम्रा कुरा डटकम*

